CONTRIBUTIONS TO NEPALESE STUDIES
CNAS, TRIBHUVAN UNIVERSITY

Vol. 16, No. 2
July 1989

# मुलुकी खरिदार गुणवन्त

रूक्मिणी प्रधान (वन्त)

नेपालको आधुनिक इतिहासमा मुख्तियार जनरल भीमसेन थापाको महत्त्वपूर्ण स्थान छ। वि.सं. १८५७ सालमा स्वामी महाराज रणबहादुर शाहसँग काशी जानेहरूमध्ये एक भीमसेन थापा पनि भएको हुँदा[१] यिनी महाराजाका विश्वासपात्र भारदार भएकोमा शंका रहंदैन। वि.सं. १८६० मा बनारसमा हुँदा स्वामी महाराजाबाट भीमसेन थापालाई गरिदिएको धर्मपत्रबाट[२] पनि उनको महत्त्वको बोध हुन आउँछ। पछि महाराज रणबहादुर शाहले 'म मरि मुलुक हुन्या छैन, भीमसेन मऱ्यो भन्या मुलुक डुब्न्या छ' भनी उनको सम्मान गरेका थिए।[३] वि.सं. १८६३ मा रणबहादुर शाहको हत्यापछि भीमसेन थापाले आफ्ना विरोधीहरूलाई पन्छाई[४] शक्ति बढाउने अवसर पाए। यसरी उनी मुख्तियार बने।[५]

भीमसेन थापाको मुख्तियारी कालमा देशको प्रशासन व्यवस्थामा एउटा नयाँ मोड आयो। प्रशासन व्यवस्थालाई सुचारूरूपले संचालन गर्नाका लागि विभिन्न पदहरू रहेका थिए। सबभन्दा माथि राष्ट्रनायकको रूपमा श्री ५ को स्थान रहन्थ्यो। दोश्रो स्थान मुख्तियारको थियो। मुख्तियारबाट नै चौतारा, गुरू, पुरोहित, काजी, सरदार, खरदार, बहिदार आदिको नियुक्ति हुन्थ्यो। यीनैमध्ये भीमसेन थापाका अति विश्वासपात्र कारीन्दा गुणवन्तको ठाउँ-ठाउँमा चर्चा परेको छ। उनी बारे धेरै विवरणहरू थाहा हुन सकेको छैन। त्यसै हुँदा उनीबारे केही प्रकाश परोस् भन्ने उद्देश्यले यो लेख लेखिएको छ। हाल गुणवन्तबारे प्रकाश पार्ने खालका केहि सामाग्री प्राप्त भएका छन्।[६]

भीमसेन थापाका उदयकालमा उनका विश्वास पात्रहरूमध्ये गुणवन्त एक थिए। यिनी प्रशासनिक इतिहासमा वि.सं. १८७१ देखि देखा परेको कुरा वंशावलीहरूको अध्ययनबाट थाहा हुन आउँछ।[७] वंशावलीमा गुणवन्तलाई मुख्य कारीन्दा, मुलुकी खरिदार, मेजर[८] जस्ता पदले विभुषित गरिएको छ। ख्याति प्राप्त यी गुणवन्तको प्रशासनमा कहिले प्रवेश भयो भन्न सकिंदैन। वि.सं. १८७१ मा लडाईको मैदानमा उत्रेका थिए। यसैसाल चिनिया सेनापतिसँग भेट गर्न दिगर्चा गएका प्रतिनिधि मण्डलमा गुणवन्त पनि परेका थिए। यस कुरामाथि दृष्टि दिंदा गुणवन्त यस समयभन्दा पहिले नै सेवामा आईसकेको अनुमान हुन्छ।

खरीदार पदले परराष्ट्र विभाग सम्बन्धी हेरविचार[९] गर्नेलाई बुझाउँछ, भने मेजर पदले सैनिक प्रशासनलाई बुझाउँछ। यसरी एउटै व्यक्तिलाई कहिले सैनिक तर्फ लैजानु र कहिले परराष्ट्रतिर तान्नुमा भीमसेन थापाको विश्वासपात्र हुनुको भूमिका रहेको छ।

तीनताक खरीदार पदको निकै महत्त्वपूर्ण स्थान रहेको पाईन्छ। तात्कालिक पाल्पाका सेन राज्यमा खरिदारको नियुक्ति सोझै राजाबा हुन्थ्यो।[१०] गोर्खा राज्यमा पनि यही प्रथा कायम थियो।[११] पृथ्वीनारायण शाहको समयदेखि विजय अभियान शुरू भयो। युद्धमा अग्रसर हुँदा साईत हेराउने प्रचलन थियो। जुन पृथ्वीनारायण शाहले पनि अपनाएका थिए। पृथ्वीनारायण शाहको मृत्युपछि राजप्रतिनिधि बहादुर शाहले पनि यसको अनुकरण गरेका थिए। बहादुर शाहको पश्चिम विजय अभियानमा साईत हेर्ने काम तात्कालिक राजज्योतिषि लक्ष्मीपति पाण्डेले गरेका थिए। उनले निकालेको साईतमा गोरखाको विजय भएको हुँदा बहादुर शाहले वचन अनुसार खरिदारी खानगी जग्गाजमीन लक्ष्मीपति पाण्डेलाई दिएका थिए। यस वर्णनबाट बहादुर शाहताका खरिदार पद श्री ५ बाटै दिईन्थ्यो भन्ने थाहा हुन आउँछ।[१२] गुणवन्तको सेवाकालताका धेरै जसो पदको नियुक्ति मुख्तियार मार्फत हुने हुँदा खरिदार पनि श्री ५ बाट नै नियुक्ति हुने गर्दथ्यो भन्न सकिन्छ।

तीनताका खरिदार भन्नाले आजको झै साधारण पद थिएन। खरिदार परराष्ट्र विभागको हाकिम हुन्थ्यो। बहादुर शाहका समयका खरिदार लक्ष्मीपति पाण्डे निजामती अधिकारी थिए। विजय अभियानमा विजीत राज्यको निजामती व्यवस्था गर्ने जिम्मा यिनै खरिदारलाई थियो तापनि उनी परराष्ट्र सम्बन्धी काम पनि गर्ने गर्दथे। दूत बनि सन्धिको कार्य भार पनि बोकेका थिए।[१३] यसबाट खरिदारको भुमिका थाहा पाउन मद्दत मिल्दछ। मुलुकी खरिदारले मुलुक भरीको व्यवस्थाको बन्दोवस्त गर्ने भन्ने बुझाउँछ। मुलुकी खरिदार खरिदारहरूमध्ये मुख्य थियो। यो पद आज भोलिको मुख्य सचिव रूपको हुन्थ्यो। यसरी मुलुकी खरीदार गुणवन्तलाई[१४] सम्पूर्ण मुलुकको व्यवस्था गर्ने भार सुम्पिएको थियो।

देशको आर्थिक स्थिति मजबुत पार्नका लागि मुलुकी खरिदार गुणवन्तले नयाँ व्यवस्था बाँधेका थिए। मुलुकमा नभएको जाँच मण्डली खडा गरी ठाउँ ठाउँमा पठाए। जाँचअनुसार खेतमा कुत, धान, गहुँ, अधिया, ठेक, ध्यूखाने आदिको व्यवस्था गरी मोहीहरूको राजीको लिषत लिए। यस बन्दोबस्तबाट सरकारलाई र जागीरदारलाई यति-यति आउने भन्ने जनाई लालढड्डा र मोठढड्डा भन्ने नाउँ राखे। यस बन्दोबस्तले गर्दा मोही र तलसिङ्ग बीचको झगडा पनि रहेन।

वि.सं. १८८५ मा भीमसेन थापाले तराई खण्डको रैतानी बन्दोवस्त गर्नाको लागि पनि गुणवन्तको जिम्मा दिएका थिए। यसबेला पनि दुनियालाई राजी राखी आम्दानी बढाउने काम गरेका थिए। 'पञ्चशाला नाउँको व्यवस्था बाँधेका थिए। सात जिल्लाको एघार लाखको जम्माबन्दी खडा गरे। चितवन र बुटवलमा पनि यस प्रकारको व्यवस्था गरी राजस्व बढाएका थिए।

यस्तै गरी सैनिक प्रशासन व्यवस्थामा पनि गुणवन्तको ठूलो हात रहेको थियो। नेपाल पूर्व पश्चिममा गौंडा गौंडामा रहेका जम्मा ४० कम्पनीहरू थिए। यी कम्पनीका पल्टनहरूलाई दिइएको जागीरको उचित बन्दोवस्त भएको थिएन। ती जागीरहरू खोलोपहिरो लागी मासिन्थ्यो। यसप्रकारको

जागीरको सट्टा दफदरबाट सालिन्दा पाउने बन्दोवस्त गरी मेजर गुणवन्तले राजीखुशी गराए। उनको यही कार्यदेखि प्रसन्न भई महाराजाले मुलुकी खरिदार गुणवन्तलाई मध्येश पहाडमा विर्ता दिएका थिए। वि.सं. १८८८ मा गोरखापल्टन थप्ने मोहर गराई एक नयाँ पल्टन खडा गरे।[१६] यो पल्टन गुणवन्तले माथवरसिंह थापाले पल्टन खडा गर्न पाएकाबाट जगेरा भएको रकमबाट खडा गरेका थिए। पल्टनलाई सुसज्जित गर्ने मनसायले दर्जा माफिक्को टोप, कुर्था, चुस्ति आदि सरसामान खरीद गर्न भीमसेन थापाले खरिदार गुणवन्तलाई ७ पटकसम्म कलकत्ता पठाएका थिए।[१७] उनको साथमा देवीभगत पनि गएका थिए।

भीमसेन थापाको मुख्तियारी कालमा उनको अभिन्न अंग बनी मुलुकको हितलाई ध्यानमा राखि प्रशासनमा नयाँ व्यवस्था कायम गर्नुका साथै राष्ट्रको आम्दानी बढाउने कार्य बन्दोवस्त गराउनुमा पनि गुणवन्त संधै अग्रसर रहेका थिए। मिठो जुवानले सबैलाई खुशी पारी, रिसईवी नलिई सबैसँग काम लिने गुणवन्तको गुण थियो।

वि.सं. १८७१-७३ को अंग्रेज-युद्ध सम्बन्धी जानकारी लिन पेकीङ्गबाट सेनापति सैच्यान च्यानु खटिई दिगर्चा आई पुगेका थिए। युद्ध बन्द भैसकेको हुँदा अगाडि बढ्ने आवश्यकता भएन। यस अवसरमा उक्त चिनिया सेनापतिलाई भेट्न नेपाल सरकारको तर्फबाट एक प्रतिनिधि मण्डल दिगर्चा खटिई गएका थिए। यस प्रतिनिधि मण्डलमा कर्णेल रणवीरसिंह थापा, काजी दल मंजन पाण्डे, काजी भक्तवीर थापा, मेजर गुणवन्त[१८] आदि थिए। गुणवन्तको सैनिक क्षेत्रमा समेत महत्त्वपूर्ण भूमिका रहेको यसले प्रकाश पार्छ।

वि.सं. १८७१ मा स्युराज र वुटवलको सिमालाई लिएर अंग्रेजहरूसँग विवाद शुरू भयो। यसैलाई निहुँ बनाई नेपाल र अंग्रेज वीच युद्ध शुरू भयो। अंग्रेज जनरल अख्तर लोनी गोरा पल्टनका साथ् भिक्षाखोरी आक्रमण गर्न पुगे। अघि पक्रि राखेको चन्द्रशेखरलाई अंग्रेजले छाडिदिए। उनी सोभै दरबार पुरेर हाल विस्तार गरे। उताबाट मोहडा तर्फ मद्दतका लागि पल्टनहरू खटिएर गए। यस समयमा खटिएका पगरीहरूमा कप्तान वीरकेशर पाण्डे, कप्तान प्रसादसिंह, लेफटेन कर्णसिंह वोकटी, खरिदार इन्दिवर जोशीका साथ मेजर गुणवन्त पनि थिए। यिनीहरूले फौजका साथ ठूलो लडाई गरी वैरीलाई हराएको कुरा परेको छ।[१९]

वि.सं. १८७१ सालको पुस महिनामा पर्सा समनपुरमा अंग्रेजहरूले आक्रमण गरे। यस लडाईमा कप्तान शम्शेर राना र वीरकेशर पाण्डेलाई श्रीनाथ, कालीवक्स, देवीदत्त, वीरभद्रजंग आदि फौजसँगै खटाईएको थियो। ठूलो युद्ध भयो। नेपालीलाई पहाडिखण्डमा बसि लड्ने मौका मिलेको थियो। यस लडाईमा पनि जित गोरखाको भयो। युद्धमा गोरखाका ७० जवानको मृत्यु तथा २५९ घाइते भएका थिए। अंग्रेजतर्फका गोरा तिलंगा र बनिया वगाल गरी १५३० जवानको मृत्यु भयो। लडाईमा हात लागेका खरखजानाहरू गोलाबारुद, बन्दुक, पेस्तोल, संगिन आदिका साथै दुर्विन २, घडी ३, पानी घडी १, बासुरी १, हात्ती ४, किताव तथा अन्य सामाग्रीहरूको व्यहोरा लडाईमा खटिएर गएका मेजर गुणवन्तले[२०] तयार गरेका थिए। तयार गरिएका व्यहोरा श्री ५ सरकारमा चढाई पठाउने गरिन्थ्यो।

वि.सं. १८७१ फागुन महिनामा शिखर कटेरी हरिहरपुरमा अंग्रेजहरूले चढाई गरेपछि लडाई जोरियो। यहाँ पनि जित गोरखाली कै भयो। अंग्रेजी फौज मरेको गन्ती गर्दा खुकुरी तरवारले मात्र मारेको गोरा ३६, काला १८, जम्मा ५४, तोप बन्दुकले मरेका र घायल भएका १७,०००, अरू घायल फौज २५०० थिए। गोरखातर्फका मरेका तथा घायल भएका नयाँ गोरखा कम्पनी, गोरख कालीबक्स कम्पनी, जेठा फयर आदिका गरी जम्मा २१७ थिए। युद्धमा अग्रसर ढाक्रेहरूमध्ये मरेका तथा घाईते भएकाहरूको हिसाब राखेर वि.सं. १८७२ फागुनमा श्री ५ सरकारबाट बक्सेको वस्तु मेजर गुणवन्तले लेखिदिएका थिए[२१] र लेखिएको बस्तु बाड्ने काम शम्शेर रानाले गरेका थिए।

यसबाट गुणवन्तको सैनिक क्षेत्रमा निकै योगदान रहेको थाहा हुन्छ। पल्टनका साथ लडाईको मैदानमा उत्रनुका साथ साथै लडाईबाट आम्दानी भएका खजानाको विवरण बनाउने तथा वितरणको व्यवस्था पनि मेजर गुणवन्तबाट भएको देखा पर्छ।

गुणवन्तको भीमसेन थापासँग निकटतम् सम्बन्ध रहेको थियो। वि.सं. १८७३ सालमा भीमसेन थापाकी माता सत्यरुपा मायाले आफ्ना छोराहरूलाई धर्मपत्र गरिदिएकोमा अन्य साक्षीका साथै लिखत साक्षीको रूपमा मेजर गुणवन्तको नाम परेको छ।[२२] वि.सं. १८७७ मा भीमसेन थापाको माताको मृत्यु भएपछि उनीहरूको दाजुभाइबीच भएको अंशबंडा पत्र लेख्ने कार्य पनि यिनै मेजर गुणवन्तबाट सम्पन्न भएको थियो।[२३] यसमा पनि लेखक साक्षी गुणवन्त छन्। यताबाट गुणवन्त भीमसेन थापाको प्रशासनिक क्षेत्रमा मात्र सहयोगी नभई घरेलु मामलामा पनि उत्तिकै विश्वास गरिएका व्यक्तिको रूपम देखा पर्छन्। नभए घरायसी कुरामा उनको प्रवेश हुने थिएन।

लिखक साक्षीको ईतहास हेर्ने हो भने यो निकै महत्त्वपूर्ण रहेको देखा पर्छ। मल्लकालमा युवराज, राजपरिवारका सदस्य तथा विशिष्ट अधिकारीहरू दृष्ट साक्षीको रूपमा रहेका देखा पर्छ। लेखक साक्षी चाँहि निकटवर्ती विश्वासपात्र अधिकारी हुने गर्थ्यो। पर्वतराज्यमा लेखक सक्षी प्रायः जसो उपाध्याय रहेको देखा पर्छ।[२४] लेखक साक्षी राजा तथा प्रधानमन्त्री सँगसँगै पनि रहने गरेको हुन्थ्यो।

भीमसेन थापाको मुख्तियारी कालमा प्रशासनिक क्षेत्रका मुख्य अंग बनी रहेका मुलुकी खरीदार गुणवन्तको जीवनीबारे आजसम्म कुनै कुरा थाहा हुन सकेको छैन। संक्षिप्त रूपमा/ भए पनि उनीबारे थाहा पाउन हामीलाई जिज्ञासा हुनु स्वभाविक छ। यस लेखको लेखिकाको बुवा श्रीविष्णुराज वन्तसँग रहेको हस्तलिखित पुस्तकको अन्त्यमा गुणवन्तको जन्मकुण्डली परेको छ।[२५] जुन साधारण रूपको जन्म कुण्डली नभै पद्यात्मक रूपमा लेखिएको छ। प्राप्त जन्म कुण्डलीहरूमध्ये यस प्रकारको यो पहिलो जन्मकुण्डली होला भन्ने अनुमान गरिएको छ।[२६] यस कुण्डलीबाट गुणवन्त विद्याधरका जेष्ठ पुत्र थिए भन्ने थाहा हुन्छ। उनी गोरखामा जन्मेका थिए।[२७]

श्रीगोरक्षगिरौ वभुवत्रकुलेषे एत्रे विद्याधरस्ततपुत्रो गुणवन्त एव् जगतिख्यातोमत्रिणः श्रीनेपाल नृपालपाद कृपया सत्कार्यकर्ता भुवः सैन्व्यार्ना च विवेका पदियोलोकेस संवर्द्धमातः ॥१॥[२८]

गुणवन्तको माताको नाउ दुर्गावती थियो। गुणवन्तका सन्तानहरूको कुलदेवता पूजा गर्ने

थलो पाटन बालकुमारीको पीठमा एउटा शिलालेख छ। वि.सं. १९०२को उक्त अभिलेखमा दुर्गावतीले कुलदेवतालाई ६ रोपनी जग्गा गुठी राखिदिएको कुरा परेको छ। त्यसमा 'कान्तिपुरी वासी दुर्गावती देवीले ज्येष्ठ पुत्र खरिदार गुणवन्तले जिउनी भनी लेखिदियाको ठैवका अम्वल मध्ये भाषा बु विर्तषित रोपनी छ का वालि आम्दानीले वर्षप्रति छागवली सहित पंचोपचार पूजा गर्न भनी श्री ३ कुलदेवता प्रीति गरी ..........।'[२९] भन्ने व्यहोरा परेको छ। यसबाट दुर्गावती गुणवन्तकी माता थिईन् भन्ने प्रमाणित हुन्छ। यिनका दुई भाइ छोरा थिए। एक गुणवन्त, अर्का कान्छा सारंगवर।[३०]

यसै सिलसिलामा अझ गुणवन्तका पुर्खासम्म पुग्नु ऐतिहासिक दृष्टिले प्रासंगिक देखिन्छ। उपर्युक्त वर्णनबाट मुलुकी खरीदार गुणवन्त गोरखामा जन्मेका थिए भन्ने स्पष्ट हुन्छ। उनको पुर्ख्यौली थलो गोरखा रहेकोमा शंका रहँदैन। तर गुणवन्तका सन्तानहरूको भनाई माथि दृष्टि दिने हो भने गुणवन्तका पुर्खा ललितपुरवासी थिए। ललितपुरका मल्ल राजा सिद्धिनरसिंहका समयमा गोरखामा राजा रामशाह थिए।[३१] यी दुई राजा बीच एउटा महत्त्वपूर्ण संझौता भएको थियो। यस अनुसार गोरखाका राजाले ललितपुरका चौबीस टोलका महाजनहरूलाई गोरखामा कोठी बसाएर व्यापार गराएका थिए।[३२] यसै बेलादेखि गोरखा राज्य गुलजार हुन गयो। यसै समयमा गोरखा पुगेका चौबीस कोठीमध्ये गुणवन्तका पुर्खा रहेको विश्वास छ। ललितपुर कुलघर भएका गुणवन्तका पुर्ख्यौली घर गोरखा हुन पुग्यो। यसको पुष्टि दुर्गावतीको अभिलेखबाट हुन्छ अन्यथा गोरखा घर भएका (जन्मेका) गुणवन्तको माताको कुलदेवता प्रितिगरी भनी पाटनमा गुठी राख्न पर्ने औचित्य थिएन। यसबाट उनको कुलघर ललितपुर थियो भन्ने थाहा हुन्छ। त्यहाँ कुलदेवता पूजा गर्ने चलन आजसम्म सन्तान दर सन्तान चलि रहेको छ।[३३]

भीमसेन थापाको घर गोरखा बोर्लाङ्ग हो। गोरखाली भएको नाताले गुणवन्तको इमान्दारी सज्जनताको कारण भीमसेन थापाले उनलाई जागिरे गराई आफ्नो दाहिने हात बनाई काठमाण्डु ल्याए। गुणवन्तले विभिन्न प्रशासनिक क्षेत्रमा महत्त्वपूर्ण कार्यभार बोकेका थिए। उनले यो काम इमान्दारी पूर्वक सम्पन्न गर्नुका साथै नयाँ कानूनी व्यवस्था बाँधेका थिए। यसपछि पुनः गुणवन्तको बसाई कान्तिपुर हुन गयो। उनका वंशज गोरखा तथा कान्तिपुरमा रहन लागे जुन हालसम्म कायम छ। गुणवन्तका सन्तानहरू गोर्खा र काठमाण्डुमा छरिएर रहेका छन्। उनले आफ्नो जीवनकालमा प्राप्त गरेका गोरखाका प्रशस्त विर्ताहरू केही आजसम्म पनि छन्।

गुणवन्तका एक भाइ र चारजवान छोराहरू थिए। उनको भाइको नाउँ बाहेक अन्य कुरा थाहा हुँदैन। छोराहरू भने प्रशासनिक पदमा नियुक्त थिए। दुर्गावतीको अभिलेखमा आफ्ना नातिहरूलाई खरिदार, बहीदार पद जोडिएको छ। तर गुणवन्तका छोराहरूको पद उनकै जीवनकालमा के थियो थाहा हुन सकेको छैन। दुर्गावतीको अभिलेख वि.सं. १९०२ को भएको र गुणवन्तको मृत्य वि.सं. १८९२ मा नै भइसकेको थियो। यसबाट उनको जीवनकालमा छोराहरूको पद आदिबारे जान्ने सामग्रीको अभाव रहेको छ। वि.सं. १८९१ सालको एउटा लालमोहर[३४] गुणवन्तको वंशजसँग छ, जसमा उनीहरूको पदको उल्लेख भएको छैन। यसबाट पनि छोराहरूको स्थिति गुणवन्तको जीवनकालमा के थियो जान्न मद्दत मिल्दैन। यद्यपि लालमोहरमा 'कम्पूका षर्दारि खानगीको वगुवा गाउँको वन वदेलो प्रजाले महसुल तिरि........' भन्ने व्यहोरा परेको छ। वगुवा गोरखामा पर्दछ जहाँ उनका सन्तानहरू अद्यापि बसोबास गर्दछन्। उनका छोराहरू क्रमशः

सेरमानसिं, जीतमानसिं, बुद्धिमानसिं, जुक्तमानसिं थियो।[३५] उनको भाइको भने नाउँ मात्र प्रकाशमा आएको छ।

आधुनिक इतिहासको पानामा महत्वपूर्ण स्थान लिने खरिदार मेजर गुणवन्त श्री ५ को सरकारको विश्वसनीय पात्र रहेकोमा कुनै शंका रहंदैन। वि.सं. १८७१ सालदेखि राजनैतिक तथा प्रशासनिक क्षेत्रमा पूर्णरूपले भाग लिएका खरिदार गुणवन्त, 'खरिदार गुणवन्त बाबु' समेत कहलाएका थिए। वि.सं. १८७१।७२ मा पेकिङ्गबाट आएका सेनापतिसँग भेट गर्न जाने प्रतिनिधि मण्डलसँग गएका मेजर गुणवन्त कम्पूलाई सुसज्जित पार्नका लागि सामान किनमेल गर्न ७ पटक कलकत्ता पुगेको कुरा पनि कम महत्त्वको छैन। सैनिक क्षेत्रमा यिनको विशेष देन रहेको कुरा उपरोक्त विवरणबाट स्वतः स्पष्ट हुन्छ।

वि.सं. १८७१ सालको अंग्रेजसँगको लडाईमा वीरगति प्राप्त गर्नेहरूलाई श्री ५ को सरकारबाट बक्सेको बस्तुहरू मेजर गुणवन्तद्वारा लेखाई बाँडिएको थियो।[३६] यसरी आधुनिक इतिहासको मुख्तियार भीमसेन थापाको कालमा गुणवन्तले आर्थिक, न्यायिक, प्रशासनिक क्षेत्रमा विभिन्न कार्यहरू गरी उनलाई सहयोग गरेका थिए। उनको कार्यहरूबाट खुशी भई राजाले मुलुकी खरिदार गुणवन्तलाई मध्येस पहाडमा विर्ता दिएका थिए।[३७]

तात्कालिक प्रसिद्ध कवि उदयानन्द अर्ज्यालले गुणवन्तको बहुतै प्रसंशा गरी कविता कोरेका छन्। यसबाट पनि गुणवन्तमा निहित शक्तिको अन्दाज गर्न मद्दत मिल्दछ। उनी शक्तिशाली नभएका भए उनलाई रिफाउनका खातीर प्रशंसात्मक कविता लेखि चढाउन पर्ने थिएन। मुख्तियारको प्रतितहितका कारीन्दा खरिदार गुणवन्तलाई प्रशंसा गरी मख्ख पारी आफ्नो काम गराउन उदयानन्दले यस प्रकारका कविता लेखेका थिए। (परिशिष्ट १)।

खरिदार गुणवन्तको एउटा आधिकारीक चित्र प्राप्त छ। उक्त चित्रमा खरिदार गुणवन्त जंगी पोशाकमा देखा परेका छन्। यसबाट तात्कालिक सैनिक व्यवस्थामा रहेको पौशाकीय सज्जाबारे जान्न मद्दत मिल्दछ। चित्रमा गुणवन्तको नाम दिइनुका साथै वर्ष पनि उल्लेख छ। यसबाट चित्र बनाउँदा उनी ४८ वर्षका थिए भन्ने थाहा हुन्छ। गुणवन्तको जन्म कुण्डलीअनुसार उनी वि.सं. १८४४ मा जन्मेका थिए। वि.सं. १८९२ मा उनी ४८ वर्ष भए। वंशावलीमा टिपीएअनुसार गुणवन्त वि.सं. १८९२ को चैत्र महीनामा परलोक भए। यसबाट उनको यो चित्र उनको अन्तिम बेलातिरको देखा पर्दछ। चित्रबाट उनको रवाफ तथा उच्च पदको बोध हुन आउँछ।



खरिदार गुणवन्त जंगी पोशाकमा, सुसज्जित कुनै मुद्दाको सुनुवाइको
अवसरको चित्र

देशको उन्नतिको लागि व्यवस्था बाध्नमा निकै सहयोगी भएका गुणवन्तको वि.सं. १८९२ मा देहावसान भयो। यिनको मृत्यु हुँदा मुख्तियार भीमसेन थापा कम्यान्डर ईन् चीफ बनिसकेका थिए। वंशावलीकारहरूले गुणवन्तको मृत्युको वर्णन निम्न प्रकार गरेका छन्-

> यसैवीचमा मंत्री श्रीकम्यान्दर इन चीफ जनरल भीमसेन थापाको मुख्य कारीन्दा खरिदार गुणवन्त नीमकको बहुतै सोझो गर्ने, निर्लोभी, कामकाज गर्दा खान र सुत्न समेत नपर्ने, मुलुकको कामलाई पहाड मध्येस सबै पेटमा भएको, धारणा शक्तियुक्त, सहनशील पछिको कुरा यस्तो होला भन्ने अघेरै देखि काम गर्ने, परोपकारी, अर्काको बिगार नगर्ने यस्ता स्वभावका थिए। अकस्मात व्यथाले विक्रम संम्वत १८९२ सालमा परलोक हुँदा मंत्रीले मेरो दाहिना पाखुरा गयो भनी बहुतै अपशोच गरे। भारदारहरूले पनि नेपालमा यस्तो कारिन्दा फेरि हुन गाह्रो छ भनी बहुतै सम्झनी गरे।[३८]

> यी मंत्रीको मुख्य कारीन्दा खरदार गुणवन्त ९२ साल चैत्र सुदी १० रोज १ का दिन वीरामी नभयाको रात्री वीषे सुत्याका सुत्यै भै आर्ज्यघाट्मा मृत्यु भै संस्कार भयो।[३९]

वंशावलीमा बडो राम्रो गरी मृत्युको कुरा टिपिएको छ। निमकको सोझो गर्ने, निर्लोभी, सहनशील भनी तारिफ गरिएको छ। कवितामा पनि उनको यस्तै प्रशंसा परेको छ। वंशावलीकारले साधारण व्यक्तिहरूको मृत्यु विषय यति गहिरोसँग टिपेको पाइदैन। गुणवन्तको मृत्युं विषय र उनको मृत्युबाट देशलाई नै नोक्सान भएको ठान्नुले उनको महत्त्व तथा उच्चस्थानको स्वतः बोध हुन्छ। वास्तवमा गुणवन्त साधारण व्यक्ति थिएनन्। इतिहासमा यस्तो महत्त्वपूर्ण व्यक्तिको व्यक्तित्वबारे प्रकाश पर्नु आवश्यक छ। यसैलाई हृदयंगम गरी यो लेख तयार गरिएको हो। उनी बारेका सम्पूर्ण कुराहरू अझै प्रकाशमा आईसकेको छैन। यतातिर अझै लागी पस्नु पर्ने छ। विद्वानहरूको पनि यतातिर ध्यान जाओस् भन्ने यस लेखको अर्को उद्देश्य निहित रहेको छ भन्नुमा अत्युक्ति नहोला।

यो लेख तयार भइसकेपछि हालसालै एउटा लेख प्रकाशित भयो, जसमा गुणवन्तको खानगी विवरण परेको छ। त्यसकारण सिलसिला अमिल्दो भएपनि यहाँ पारिएको छ। इण्डिया अफिस लाईब्रेरी मा 'हड्‌गसन संकलन'को १४ भोलममा तात्कालिक सरकारी कर्मचारीहरूको वार्षिक खानगीको विवरण छ। यसै सन्दर्भमा खरिदार गुणवन्तको नाममा ४५००। परेको छ।[४०] तर उक्त लेखमा तलब खान्गी कुन सालको हो भनी निर्णय गरिएको छैन। भीमसेन थापालाई 'कम्यान्डर ईन चीफ' भनिएको आधारमा वि.सं. १८९२-१८९४ बीचको समय अन्दाजसम्म गरिएको छ। तर यसमा खरिदार गुणवन्तको तलब खानगीको उल्लेख भएको हुँदा यो विवरण वि.सं. १८९२ कै हो भनि किटान गर्न सकिन्छ। किनभने वि.सं. १८९२ साल चैत्रमा गुणवन्तको मृत्यु भएको वर्णन भेटिएको छ र यो खानगी (उनको नाउँको) उनको जीवनकालकै हुनपर्छ।

## टिप्पणी


१. नेपाली, चित्तरञ्जन, *भीमसेन थापा र तात्कालिक नेपाल,* दोश्रो संस्करण, रत्नपुस्तक भण्डार, २०२२, पृ. १६।

२. थापा, रमेशजङ्ग, सम्पा, *प्राचीन नेपाल,* अंक २४, श्री ५ को सरकार शिक्षा मंत्रालय, पुरातत्व विभाग, २०३० श्रावण, पृ. ८।

३. नेपाली, चित्तरञ्जन, माथिकै. पृ. २४६।

४. शर्मा, बालचन्द्र, नेपालको ऐतिहासिक रूपरेखा, वाराणसी, कृष्णकुमारी देवी, २००८, पृ.२५२।

५. नेपाली, चीत्तरञ्जन, माथिकै पृ. १८।

६. लेखिकाको बुवा श्रीविष्णुराज वन्तसँग केही हस्तलिखित पुस्तक छन्। तीनमध्ये एकमा उदयानन्द अर्ज्यालद्वारा रचित गुणवन्तको प्रशंसात्मक कविता छन्। परिशिष्ट १ संख्या

७. थापा, रमेशजङ्ग, सम्पा, *प्राचीन नेपाल, अंक* २५ पृ. १२।
थापा, रमेशजङ्ग, सम्पा, *प्राचीन नेपाल, अंक* २४ पृ. १७।

८. यस लेखको लेखिकासँग भएको अप्रकाशित वंशावलीबाट। वंशावलीको शुरू भागमा 'सकलतीर्थ देवराज वंशावली' भन्ने नाम परेको छ।

९. *कर्कपेट्रीक, कोलोनेल, एन एकाउन्ट अफ द किङ्डम अफ नेपाल,* न्यू दिल्ली, ऐशियन एजुकेशनल सर्भिस, १९८६, पृ ९७।

१०. *श्रेष्ठ, टेकबहादुर,*-पाल्पाका सेन राजाहरूका अठार्ह अप्रकाशित पत्रहरू, *कन्ट्रिव्युसन्स टु नेपलीज एण्ड स्टडीज,* सिनास भो १४। नं ३, पृ २२१।

११. थापा, रमेशजङ्ग, प्राचीन नेपाल, *अंक* २८, २०३१, पृ ११।

१२. पन्त, दिनेशराज, दैवज्ञ शिरोमणि लक्ष्मीपति पाण्डे, *पूर्णिमा अंक* ८। पृ ३६

१३. बज्राचार्य, धनवज्र, ज्ञानमणि नेपाल (सम्पा.), *ऐतिहासिक पत्र संग्रह,* पहिलो भाग, नेपाल सांस्कृतिक परिषद, २०१४, पृ. ४७-५०।

१४. माथि परेको अप्रकाशित वंशावली।

१५. *प्राचीन नेपाल, अंक* २५। पृ १-२।

१६. उही पृ. ३।

१७. अप्रकाशित वंशावली, माथिकै पृ. १३६-१३७।
*प्राचीन नेपाल, अंक* २५, पृ. २-३।

१८. नेपाली, चीत्तरञ्जन, माथिकै पृ. ३४।

१९. प्राचीन नेपाल, अंक २४, पृ. २०।

२०. अप्रकाशित वंशावली माथिकै, पृ. १३०

२१. प्राचीन नेपाल, अंक २४, पृ. २०-२१।

२२. नेपाली, चीन्तरञ्जन, माथिकै, पृ. ३४।

२३. उही, पृ. २७०।

२४. *श्रेष्ठ, टेकबहादुर,* कीर्तिवम मल्ल र उनका अप्रकाशित ताम्रपत्र, *कन्ट्रीव्युसनस टु नेपलीज स्टडीज,* भो. ८ नं. २, २०३८। पृ. १२२-१२८।

२५. परिशिष्ट संख्या २।

२६. तिवारी, रामजी, भोलानाथ पौडेल, आदि (सम्पा), *ऐतिहासिक पत्र संग्रह* दोश्रो भाग, काठमाडौं, नेपाल सांस्कृतिक परिषद, पृ. २७ (राजा प्रतापमल्लको जन्म कुण्डली) राजवंशी, शंकरमान, योगनरेन्द्र मल्लका उत्तराधिकारी, *पूर्णिमा,* वर्ष २ अंक २, पृ. ३८, ४१।

२७. परिशिष्ट २ संख्या हेर्नुस।

२८. अप्रकाशित

२९. खनाल, मोहनप्रसाद, पाटन बालकुमारीसँगै दुर्गावटीको अभिलेख, *समिक्षा, अंक* ३३, २०३१, पृ. ६। यहाँ मूलबाट पाठ पढी सच्याई दिइएको छ। परिशिष्ट संख्या ३।

३०. उही।

३१. पन्त, दिनेशराज, *गोरखाको इतिहास,* पहिलो खण्ड, आफै, सवलवहाल, काठमाडौं, २०४१, पृ. ८९।

३२. प्राचीन नेपाल, अंक १७, पृ. ११।

३३. यस लेखको लेखिका पनि उनै गुणवन्तका वंशज हुन्।

३४. परिशिष्ट ४ संख्या।

३५. गुणवन्तका चारै भाइ छोराहरूको जन्म कुण्डली प्राप्त भएको छ। जुन उनको भै पद्यात्मक छ।

३६. *प्राचीन नेपाल, अंक* २४, पृ. २१।

३७. *प्राचीन नेपाल, अंक* २५, पृ. ३।

३८. अप्रकाशित वंशावली, माथिकै प्राचीन नेपाल, अंक २५ पृ. २-३।

३९. अप्रकाशित वंशावली, माथिकै।

४०. वैद्य, डा. तुलसीराम, 'जनरल भीमसेन' थापा कालीन खान्नी र बजार भाउ' *समर्पण,* वर्ष १, अंक १, २०४६।

## परिशिष्ट संख्या १

# गुणवन्तको प्रशंसात्मक कविता

श्रीगणेशाय नम ॥ षर्दार गुणवन्त संन्त बहुतै बुद्धिकी अन्तै नही
पर्वत देश मध्येस कम्पुसमको आसा गह्याको ताही ॥
आशापूर्ण भइ षुसी सम हुन्या भाग्यै त जस्को जती
कीर्ती एति छ युगभरी त रहन्या आषीर्छ बाँच्नु काती ॥१॥

जनकी मीठि जुवान-सुवान सभ कुरो रिसषीत त कती नहीं
हसी मुखकन देखि षुस दिल नको कांकाज त दूरै कही ॥
लालचको त कुरै नही सुजनको मन पाउन्याको तहाँ
राजन काष र वाहमा हरि धरि यो पाठ अरूमा कहा ॥२॥

यो संसार असार हो सभघरी जाया त कायापनी मायाको लहरी
सदा मनमाहाँ को हुन् मरीप को धनी ॥
गुण ज्ञानले त विरनू त परिनाम क्या दर्द दिलमा तहाँ
साच्नू सामल धर्म्मको भवमहाँ फेरि छ मिलन्या कहाँ ॥३॥

काम अनुसार्त जवान निसान्त बलियो गौडो सिमान्कौंमको
काजहेरिकन दिनु षान उतिको षर्चै बुझि दामको ॥
कामदार्लाई शुयश हुन्याँ छ त पछी ओस फ्याका घरी
जागीर तागीरको त षातीर नहीं को छन्त गर्ण्या फिरी ॥४॥

निज विंती पनि सेरि फेरि अघीको साझा कुरो विस्रीयो
साहेबकै धन त्यो सबै उहीं पुगोस मनले दया चाहियो ॥
बाल बच्चाकन राखनू पनि कहाँ औध्नै षरापै गऱ्यो
मेरो दर्दत फर्दमा कति कहूँ भिछुक शरणमा पऱ्यो ॥५॥

श्रीरामके के केनसन्ती भुवन गुणवन्त उच्चैः किर्तैः
कृतोन खलुयैस्तु परोपकार ॥
येकुर्वते मम समीहितसत्फलानिनित्यंत एव गुणावन्त इतिप्रसिद्ध॥

सेवा भूपतिको मतीपनी अती औतारि पृथ्वी महाँ
जीती भार तह्य त छं सभ जनरीती अनूठा जह्य ॥
आफ्नालाई उवारी त सुजस हर्बैरिको कया यहाँ
जस्का एक शहाय भीमवलि छन् क्या भर्अरूको ताहा ॥ ॥

गुण ज्ञानका त पुरा शुरा रण विषे सभकां त गाछका छहाँ
दिल्कीवात बुझिरिझी वषतमा दिन्या मनोरथ तहाँ ॥
जन्को नाम समान छैन सप्तमा एस्ता पुरूष छन् कहाँ
जनका एक सहाय भीमवलि छ क्या भर्अरूको तहाँ ॥ ॥

(अप्रकाशित)

## परिशिष्ट संख्या २

जन्म कुण्डली -

श्रीशाके शयसत्र नौ उपरमा योगशूल शूक्ला पनि पाचौ-
वासर जोत्र त्रयोदशी तिथिनक्षत्रर्फाल्गुनि एकादशदिन चैत्रका
नवघरि छतिसपला गैवितिः गोर्षामा गुणवन्तको जन्म भयो
गे. षन्याका अतिलग्नैका गुरू छन् त के तुकुज जो
दोश्रा मिथुन्का पनिः चौथा चन्द्र अष्टम विषे निजघर्दशौमा सनि ॥
येकादसनुधसूर्य द्वादश भृगु यो लग्नकि कुण्डलि
विधाधर पुत्रका जन्ममा धेरै ग्रहै छन् वलि ॥

(अप्रकाशित)

### परिशिष्ट संख्या ३

# दुर्गावतीको अभिलेख

१. श्रीगणेशाय नमः ॥ ॥ श्रीश्रीचण्डेश्वर्यै नमः ॥ अद्यस्वेत वराहकल्पे वैवश्वत मन्वन्तरे कलियुगे प्रथम
२. चरणे जमबुद्विपे भरतखण्डे आज्यावर्ते पसुपत्थाने हिमवत् दक्षिण पादे पशुपति सन्निधाने वासुकि क्षत्रि वाग
३. मत्यां दक्षिणकोणे नेपाल देशांतर्गत ललितपट्टने इहै पुण्य भुमौ चैत्र मासे पौर्णमास्यां तिथौ स्वाति नक्ष
४. त्रे बज्रयोगे यथाकरण मुहुर्तके मंगलबासरे मेषराशि गते सवितरी तुलाराशीगते चन्द्रमसी अस्मीन महा
५. पर्व दिवसे विद्याधर नाम अस्य भार्ज्या दुर्गावती नाम्नी स्वहस्तेन विद्यमानेन स्ववाचाप्रतिपन्नेन भूतेन श्रीश्री
६. स्वष्ट कुलदेवता सुप्रसन्न द्वारा परमार्थ प्राप्ति कामना पूर्वक प्रतिवर्ष पंचोपचार पूजनार्थ ठैवग्राम प्रदेश
७. भाषा वु रोपनी कषदु कर्षाक कर्ष ६ प्रसंकल्पितं प्रदत्त ॥ ॥ नेत्रानंतन वेन्दु भूपरिमिते श्री विक्रमा
८. द्वे पद्यौ पक्ष पूर्णकला घोर शशिकला पूर्णे तिथौ स्वातिके नक्षत्रे कुजवासरे क्षितिसधा दुर्गावती
९. धर्मिणीः श्रीदेव्या प्रतिवर्ष पूजन विधौ चण्डेश्वरी प्रीतय ॥१॥ भाषा श्री बेक्रम संबत १९०२
१०. चैत्र शुक्ल पूर्णमासिका दिनमा कान्तिपुरवासी दुर्गावती देवीले ज्येष्ठ पुत्र खरिदार गुणवन्तले जीउ
११. नी भनी लेखिदियाको ठैवका अम्बल मध्ये भाषा वु विर्ता षेत रोपनी ६ का आलि वालिका आम
१२. दानीले वर्षप्रति छागवली सहित पंचोपचार पूजा गर्नु भनी श्री ३ कुलदेवता प्रीतिगरी सत
१३. ल बनाई दत्त राषि यस गूठ चलाउना निमित्त जेठा छोराका छोरा नाति सेरमासिं, कान्छा छोरा
१४. सारंगवर, सगोत्री जीवन र रामजु ईचार घरमै देवालीका पूजाहारिले पूजामात्य विधिपूर्वक ग
१५. राई वर्षबन्धन दत्त चलाई सतलका जिर्णउद्वार निमित्त रू १ जगेरा राखि दाता र दाताको सन्तान
१६. मा जना २ गुठको पर्न्याका जहान औ आफ्ना आफ्ना इच्छाले बोलाउन्यालाई र सतलका चिता
१७. इदार समेतलाई षुवाई सेष रह्याको भुक्तमान गर्नु भन्या बन्देज वाधि शिलापत्रमा लेखि प्रति
१८. ष्ठित गर्‍यां, यस बन्देजमा कर्सले लंघन नगर्नु लंघन गर्‍या पातक लागला प्रति वर्ष तत्प
१९. र भै दत्त चलाई सेवा गर्‍या उत्तरोत्तर बृद्धि होला यस दत्त राषदाका साछि नाती खरिदार जी
२०. तमानसिं, खरिदार बुद्धिमानसिं, बहिदार जुक्तमानसिं नानि केहेर्मानिसिं, सर्वदा भु शुभम्

परिशिष्ट संख्या ४

# लालमोहर

श्रीवरष१ श्री दुर्गा १

१. स्वस्ति श्रीगिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत श्रीमन्माहाराजाधिराज श्री श्रीश्री महाराजाराजा राजेन्द्र विक्रम शाह बहादुर शम्शेर जङ्ग देवानां सदा समर विजयिनाम्

२. आगे सेरमान, जितमान, बुद्धिमान, जुक्तमानके तिमिहरूले किन्याको विर्ता मुडिषुका अम्बल मध्ये सिवनारान, हरिवंस, विष्णुकान्तको ठूलो षेत्को मुरि ।४ महतारो सुवारो मुरि ।१६ रामेश्वर रामनाथ

३. इन्द्रमनि, प्रतिमान् फुयालको आहाल्या गैन्हि विहाधा समेत् मुरि ।१६ व्यासिको बाफो रूमटो मुरि ।८ लक्ष्मीनारान् देकु इश्वर फुयालको ठूलो षेत्को बाफो वगर समेत् मुरि ।८ सिरपति फुयालको महतारो

४. सुवारो मुरि ।८ गाउँ विहौटो मुरि ।४ विह्रायाको विह्नौटो मुरि ।८ प्रेमनारान्को उपल्लो कुला मनि पैन्या मुरि ।८ रामदत्त छविलाल फुयालको षोला षेत मुरि ।२ लक्ष्मीधर नारद, देउदत्त कृष्णभक्त फुयालको

५. ज्युलाभ्याको डोल् पनि ढल मुरि ।१० षोल्या मुरि ।३ वगर दुइ षंड गरि मुरि ।७ विरभद्र ढुंगानाको पध्यारा मुनि मुरि ।१० रामदत्त छविलाल फुयालको कुला मनि रूमटि मुरि ।४ विष्णु कान्त फुयालको।

६. गैन्हो मुलका षेत मुरि ।८ विभाषर, रामदत्त, जयकिष्न छविलाल फुयालको घट्नेरा वारिपारि गरि मुरि ।२० रामभद्र वैजनाथ भिवु, धनपति, वलभद्र, विश्वनाथ रेग्मीको वानारसिको विन्हौटो मुरि ।२० वासु)

७. पाध्या ढकालको शोषुमरि ।१२ देवदत्त धिमिन्याको लामु गन्हो मुरि ।४ विद्यापति वभा, प्रभाषर फुयाल्नन्द फुयाल नन्दीकेश्वर फुयाल, अग्निघर फुयाल्को कोइराल्या मुरि ।१६ गैन्हौ पुछारमुरि

८. ।६ कुडुल्या मुरि ।४ बाफोको रूम्टो मुरि ।४ तर्त्य मुरि ।८ कुलग मुनि पैन्या मुरि ।४ मुहान् मुरि ।२ फेदि मुरि ।३ जलुक्यानिका अम्वल मध्ये श्रीकृष्ण दुलाल, रामनाथ, इन्द्रमनि वासु, विसु हरिनारान, फु.

९. याल्, भगत दुलालको घैया वारि मुरि ।१४ मेहेल्या पुछार मुरि ।१६ महेल्या माफ षंड मुरि ।४ रामचन्द्र पुरनधर विसु दुलालको तोरि वारि मुरि ।१२ षौला षेत ढुंग्याको सिन्हान मुरि ।८ विसु

१०. दुलालको माफ षंडको अन्तरको विन्हौटो मुरि ।६ घैया वारि मुरि ।२ तोरि वारिको पुछार मुरि ।४ ठिमिका अम्बलमध्ये सुर्जविर नेवारको पोता तिर्न्या, गाल मुरि ।६ त्याडो मुरि ।३८ ढलको मुरि ।९ षुक

११. डोल मुरि ।३ यादसि डोल मुरि ।४ तुपाचो मुरि ।४ वावुचो दुई ठाउँ गरि मुरि ।३ भिषुजोल

मुरि ।४ जातिगाल मुरि ।२ क्वाचडोल मुरि ।२ साइ्लाफोरका अम्बलमध्ये मनै काफल्या विरभद्र काफल्या

१२. श्राहक काफल्या, नारान् काफल्याको साडला घट्‌नेरा मुरि ।१६ घट्‌मुनि मुरि ।१६ दर्माल्या मुरि ।६ प्रमानन्द नेपाल प्रेमनारायण नेपालको प्रमाननूका घरनेरा विन्हैटो मुरि ।८ गैन्हो षेत मुरि ।१० माहादेउटारका भ

१३. न्याका अम्बलमध्ये सिवनारान अधिकारि, काशिराम अधिकारी, भगत छालातान्या, भगिरथ फुयालको पनेर गाउँ सिम विह्नैटे मुरि ।१० गैन्हो पुछार मुरि ।८ वुजु डाडो कुला माथि मुरि ।४ आहाल्या मुरि ।७

१४. हरिनारान्, दामु, देउरिषि, क्षेत्रपति, उमापति, लक्ष्मीधर फुयाल, रामु घिमिन्या, काशिराम अधिकारीको भेडिगोठ रास्वा मुरि ।५ ठूलो षेत मुरि ।८ गैन्हि मुरि ।१२ फोलस्या मुरि ।२ रात्माट्या मुरि ।५ टोषा फोर व्या

१५. सि गोठका अम्बल मध्ये राधाकृष्ण दहालको चापा वोट्या मुरि ।१४ महादेउको गाउँषेत मुरि ।२४ तल्लो ढुंगो मुरि ।८ चापावोट्या मुरि ।४ स्युड्यानिका अम्बलमध्ये चन्द्रु, लक्ष्मीनारान्, देउदत्त घिमिन्याको जेठ्या

१६. क मुरि ।१२ वारिमनि तिनठाउ गरि मुरि ।१२ देवु वजगाञिको मदनपुर वारि समेत मुरि ।६० दलकापका अम्बलमध्ये भाजुदेउ वाडा अजिजुल्लाको फोर व्यासि मुरि ।१६ काठमाडौंका अम्बलमध्ये भाजुदेउ

१७. वाडा अजिजुल्लाको राजनपाठ मुरि ।१६ देउपुरका अम्बलमध्ये उमापति, जग्येपति उदैनारान् दगाल सिद्धिनारान केवछेको सिध्याटार षेत मुरि ।९० तस्को डिहि लगापात् समेत गरि सव ज्मा किन्याको

१८. विर्ता षेत ७।६ सर्कार लाउदा र किपटिया वरामु प्रजालाई रूपैया १४०० दिदा तस्को सट्टा गोर्षाका अम्बलमध्ये कम्पूका षर्दारि खानगीको वगुवा गाउको वनवदेलो प्रजाले महसुल तिरि खायाका कि

१९. पट षेत षरिवोट्या मुरि ।५० चाकसि वोट्या सिम् समेत मुरि ।३० दफे चाकसि वोट्या मुरि ।४० आध्याटारि मुरि ।१० मान्धाढुंगा मुरि ।१० कोइराल्या मुरि ।३५ आपचौर मुरि ।२० केउन्यावोट्या मुरि ।१५ द

२०. फे आध्या मुरि ।१० चनौट्या मुरि ।६० डुंरि पाटो मुरि ।२० ज्यामिन्या मुरि ।२० गन्या रूम्टो मुरि ।१५ कुडुल्या मुरि ।५० कदम् वोट्या दमाञि रूमटो दुई ठाउँ गरि मुरि ।१० वग्यानि मुरि ।२५ जामुन्या मुरि ।१० छाग्या

२१. सार्कि गन्हो ढाड्या स्मेत मुरि ।८० काल्ह्या मुरि ।३० आम्वोट्या मुरि ।५० दफे आध्या मुरि ।१० ज्मा षेत ६।० कम्पूका सिपाहि षानगीको सिमल्या मुरि ।४०-१- पल्टनमा दरियाको रैकन्या षेत डिहि पाषो स

२२. मेत मुरि ।६६ ज्मा षेत ७।६ र वाउन्न कुतमा दरियाको ७ रूपैया सेर्मा तिन्याको जगा घड्यारि पाषो समेत वगुवा गाउँघर पाषो लगायत वन वदेलो समेत पाषो रेषो षेत डक्वो तस्को साध पूर्व वधुवा

२३. षोलो वाउन्न कुतको नौविस्या षेतको आलि वघुवा षोलो र अश्रां षोलाको दोभान ढिक पहरो साध लुहकिल, दक्षिण, अथषोलो र ग्यानिषोलो कुसुड्या षोल्सीको दोभानको साधा लुहकिल प

२४. श्चिम कुसैंड्या षोल्सी ठाडो वार तापल्याक संगको षोल्सी दोभान मोहोरिया डिहि सुवारको तेर्छो काल्हो भंज्याङ षोल्सी सौंध पांचोक भंज्याङ् वानियाका वृत्ता सितको सौंध भंज्याङ जालो सौंध लुहुकि

२५. ल, येतिसिमाना भित्रको जमिन षेत गाउँ घर पाषो रेषो वन वदेलो लगायत समेतको गादि ममारष गोडधुवा चुमाउन येति कलम वाहिरू अरू रकम कलम मारि मेटि विर्ता गरि बक्स्यौं आ

२६. फना षातीरज्मा सित विर्ता जानि सन्तान दर सन्तान पर्यन्त परम सुष भोग्य गर यो विर्ता साध लाउन्या सधियार थर घर मर्दनसिं राना. मजादेवलको डंगोल लछिमन्. भागीवंत विज्यापुत टोलको डगोल्.

२७. पुनसिरि, गोर्षाका, कर्णविर, तेजनारान्, हर्षघर, मेहरसिं, इन्द्रसिं, भावानी राना, हर्कुराना, गोपाल थापा, गंगामनि राना, जितमान् लामा, लछिमनारान्, सल्यानि वेनुवाध्या रत्नविर राना, लमजुङ्का

२८. जिता तान्द्रोको वलविर थापा, वधुवाका गोपि ढकाल्, रणविर षत्रि, द्वान्या कृपाराम वंजरा, जग्याभट्ट, जुष्यावोहरा, कवल्या भट्ट, जुष्या वड्, जिउन्या पाडे, भवानी, धन्या मिभार, मैत्या वरामु, कोत्या

२९. कट्ुवाल, हरिलाल भट्ट, गोवि वंजरा, हिन्या पाडे/हरिचरन पाडे, जगधर वंजरा, धर्मराज खत्रि, सिन्या भट्ट, नगत् गुरू, भक्त्या मिभार, धर्मसिं वरामु, जगवल मिभार, हर्क्या मिभार, चामु वरामु, ल

३०. छिमधर वरामु, वोलीगिनारान् लामिछान्या, तापल्याक्का थरि कासिराम भट्ट, छान्या कलुवा पाडे, थरि मंगल्या भट्ट, थरि रामकृष्ण पनेरू, थरि दफे कासिराम भट्ट, थरि कालु वंजरा, अश्रांका

३१. थरि जहरसिं घर्ति, सर्वजित घर्ति, थरि सर्वजीत राना, मनिराज् घर्ति, तान्द्रङका थरि सदासिव जैसि, कुसुमाकर जैसि, जैनारान् वंजरा, जगन धिताल, थरि हरिनारान् भट्ट, इश्वर वस्ताकोटि दयारा

३२. म स्वडारि, षांचोकका द्वान्या पृथ्या भट्ट, भिगट्याका तुसालका, जश्राज मिञा, वषत्या मिञा, गाईषुरको अर्जुन्या मिञा, वाज वर्न्या दमाञि, गज्या दमाञि, अश्रांको पुर्न्या दमाञि, तापल्याकको जिउन्या

३३. सार्कि, विर्त्तवारले किलाभन्दा अध्यालो नचापनु विना तक्सीर जवद नगर्नु, जो यस वन्देजमा रहैन, सो यस श्लोकमा भन्याको पातकी होला, स्वदत्ता परदताम्बा यो हरे ट्टै वसुन्धराम् षष्ठिवर्ष सह–

३४. श्राणि विष्ठायां जायते कृमि. इति सम्बत् १८९१ साल मिति माघ श्रुदि २ रोज ६ श्रुभम् ..........

(मार्फत सहि गर्नेहरूको छुट्टा छुट्टै अक्षरमा नाम परेको छ)

| | |
|---|---|
| मार्फत भीमसेन थापा | मार्फत कुलमासिंह वस्न्यात |
| मार्फत फत्यजङ्ग साह | मार्फत रणजोर थापा |
| मार्फत पुष्कर साह | मार्फत दलभञ्जन पाँडे |
| मार्फत रणोद्योत साह | मार्फत कालुसिं |